आज मिति २०८२ साल श्रावण १४ गतेका दिन यस आठबीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १२० औं बैठक तपसिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| क्र.सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तर्क बहादुर बडुवाल | |
| २ | नगर उप प्रमुख | श्री कल्पना कुमारी थापा | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री बम वहादुर रावत | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री कलम कामी | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री नगेन्द्रराज कार्की | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री टेक वहादुर माझी | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री बजर सिंह वि.क. | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री नवराज शर्मा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री जैसिंह कठायत | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अदल शाही | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री शेर वहादुर सिजापती | |
| १२ | नगर कार्यपालिका सदस्य | श्री विरेन्द्र वहादुर सावद माझी | |
| १३ | नगर कार्यपालिका सदस्य | श्री हरिकला माझी | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री हजुरा कुमारी भण्डारी | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री विर वहादुर नेपाली | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सेतु नेपाली | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री तारा विश्वकर्मा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री विमला वि.क. | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दयाराम वि.क. | |
| २० | सदस्य सचिव | श्री बिनोद कुमार माझी | |
| २१ | का.वा वडा अध्यक्ष | श्री चक्र वहादुर कामी विश्वकर्मा | |

छलफलका प्रस्तावहरु:

१.आ.व. २०८२/८३ को बजेट सम्बन्धमा,

२.करार कर्मचारी सम्बन्धि राय माग गर्ने सम्बन्धमा,

३.असुल उपर गर्नपर्ने वेरुजु सम्बन्धमा,

४. विविध

निर्णयहरु:

१. यस आठबीस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट मिति २०८२ साल श्रावण १५ गते बस्ने नगरसभाको अधिवेशनबाट पास गर्ने निर्णय गरियो।

२. स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १४ मा यस ऐनमा अन्यथा व्यवस्था भएकोमा वाहेक कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन। यसको विपरित नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ भन्ने व्यवस्था र सोही नियमावलीको नियम ११ मा कुनै पनि स्थानीय तहमा पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारी नियुक्त गर्न नहुने र नियम १२ मा स्थानीय सेवाको कुनै पद सिर्जना वा रिक्त भएमा रिक्त भएको मितिले एक वर्षसम्म स्थायी पदपूर्ति नभएमा त्यस्तो पद स्वतः खारेज हुनेछ। यसरी खारेज भएको पद सम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले त्यस्तो पद खारेज भएको सात दिनभित्र प्रदेश कर्मचारी अभिलेखालयलाई दिनु पर्नेछ भन्ने कानूनि प्रावधान रहेको तर करार सेवाका सबै कर्मचारीलाई हटाउदा कार्यालयबाट प्रवाह गरिने सेवा प्रभावित हुने देखिएकोले सो सम्बन्धमा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कर्णाली प्रदेशको राय माग गर्ने निर्णय गरियो ।

३. आ.व. २०७४/७५ देखि गत आ.व. २०८१/८२ सम्मको लेखापरीक्षणबाट विभिन्न व्यक्ति वा संस्थाको नाममा देखिएको असुल उपर गर्नुपर्ने वेरुजु रकम असुल गर्न तत्काल सम्बन्धित व्यक्ति र संस्थालाई पत्राचार गर्ने निर्णय गरियो।

CamScanner